आदरणीय अभिभावकहरू

खावागुची शहर जनस्वास्थ्य केन्द्र स्वास्थ्य प्रवर्द्धन डिभिजन प्रवन्धक

# १० महिनाका शिशुको स्वास्थ्य परिक्षणको कार्यान्वयन सम्वन्धमा (सुचना)

खावागुची शहरले बालबालिकाको स्वास्थ्यको रक्षा गर्न तल उल्लेख गरे अनुसार स्वास्थ्य परिक्षण गर्नेछ ।
यसले तपाईंका प्यारा बच्चाको वृद्धिको रेकर्डको रूपमा पनि काम गर्दछ । नबिर्सिकन डाक्टरसँग परामर्श गर्नुहोस्।

विवरण

१ लक्षित वर्ग खावागुची शहरमा दर्ता भएका **१० देखि～१२महिना सम्मका शिशुहरू**

२ कार्यन्वयन गर्ने निकाय कृपया पछाडि उल्लेखित “चिकित्सा संस्थाहरूको सुची” हेर्नुहोस्।

३ लाग्ने शुल्क **निःशुल्क**

निम्न अवस्थामा सम्पूर्ण शुल्क आफै तिर्नु पर्नेछ डाक्टर परामर्श कुपनको प्रयोग गर्न पाइने छैन्।
- लक्षित उमेर दायरा बाहेकका‌ले चेक गराएमा (१० महिना भन्दा तल वा १ वर्ष कटेमा)
- कार्यन्वयन गर्ने अस्पताल बाहेकका अस्पतालमा चेक गराएमा
- कावागुची शहर बाहिर बसाईं सरेमा (सूचना दिइसकेको)

४ डाक्टरसँग परामर्श कसरी गर्ने निम्न ☑ बस्तुहरू चेक गर्न नबिर्सनुहोस्।

| | | |
|---|---|---|
| **स्वास्थ्य जाँचको तयारी** | ① अपोइन्टमेन्ट लिने | □ पछाडि उल्लेखित अस्पतालहरूको सूचीबाट एउटा छान्नुहोस् र शिशुको स्वास्थ्य जाँचको लागि अपोइन्टमेन्ट लिनुहोस्।<br>□ स्वास्थ्य परीक्षणको दिन उमेर लक्षित अवधि भित्र छ कि छैन चेक गर्नुहोस्। |
| | ② तयारी | □ संलग्न गरिएको "१०-महिनाका बाल स्वास्थ्य परिक्षण परामर्श कुपन (प्रश्नावली)" भर्नुहोस्। |
| **स्वास्थ्य जाँचको दिन** | ① शारीरिक अवस्था चेक | □ शरिरको तापक्रम लिई ज्वरो, खोकी वा अन्य रूघाका लक्षणहरू छन् कि चेक गर्नुहोस ।<br>※अस्वस्थ हुनुहुन्छ भने परामर्श नगर्नुहोला । |
| | ② ल्याउनु पर्ने सामान | □ १० महिनाको बाल स्वास्थ्य परिक्षण परामर्श कुपन (प्रश्नावली)<br>□ मातृ तथा शिशु स्वास्थ्य पुस्तिका (चिकित्सा संस्थामा स्वास्थ्य परिक्षणको परिणामहरू भरिन्छ ।) |

**[घरमा फर्केकाहरू]** घरमा फर्कने वा अन्य कारणले कावागुची शहर बाहेकका नगरपालिका, वार्ड वा पालिकामा डाक्टर परामर्श लिन चाहनेहरू
तपाईंले माग गर्नुभएको स्थानीय निकायले शिशु स्वास्थ्य परिक्षण गर्छ कि गर्दैन (चिकित्सा संस्थामा डाक्टर परामर्श अनुमति छैन कि) भनेर आफैले अग्रिम चेक गर्नुहोस् र स्वास्थ्य प्रवर्द्धन विभागमा सल्लाह गर्नुहोस्।

**[स्थानान्तरण गरेका]** बसाईं सर्नु अघिको स्थानीय निकाय वा कार्यान्वयन गर्ने चिकित्सा संस्था बाहेक अन्य ठाउँबाट डाक्टर परामर्श प्राप्त गर्नेहरू
असुविधाको लागि हामी क्षमाप्रार्थी छौं , कृपया स्वास्थ्य प्रवर्द्धन विभागमा सम्पर्क गर्नुहोस्।
यदि कुनै जानकारी नभएको खण्डमा, जनस्वास्थ्य सहायकहरू तपाईंको घरमा आउन सक्छन्।

【 संपर्क 】
कावागुची शहर जनस्वास्थ्य केन्द्र स्वास्थ्य प्रवर्द्धन विभाग
स्वास्थ्य परीक्षण अधिकृत
फोन: ०४८-२५६-११३५

<व्यक्तिगत विवरणको व्यवस्थापनको बारेमा>

स्वास्थ्य प्रवर्द्धन विभागले "व्यक्तिगत विवरण संरक्षण ऐन" को आधारमा चिकित्सा परामर्श लिने सबैको व्यक्तिगत विवरणको व्यवस्थापन निम्नानुसार गर्दछ ।

स्वास्थ्य परीक्षण मार्फत प्राप्त गरिएका व्यक्तिगत विवरण मुख्यतः स्वास्थ्य व्यवस्थापन बाहेक अन्य कुनै उद्देश्यको लागि प्रयोग गरिने छैन । साथै नागरिकहरूको स्वास्थ्य संरक्षण र सुधार गर्ने उद्देश्यका लागि स्वास्थ्य परीक्षणका परिणामहरूलाई डाटाबेसमा विश्लेषण तथा प्रतिवेदन गरिनेछ

यदि माथि उल्लेखित प्रयोग र उद्देश्यको बारेमा नबुझेका कुराहरू भएमा स्वास्थ्य प्रवर्द्धन विभागमा सम्पर्क गर्नुहोस्।

<चिकित्सा संस्थाले स्वास्थ्य परीक्षण पछि>

・स्वास्थ्य परीक्षणको रिपोर्ट र भरिएको प्रश्नावली स्थानीय स्वास्थ्य केन्द्रमा पठाउनेछ ।

・यदि तपाईंले परामर्श गर्न माग गरेमा वा कुनै प्रश्नहरू भएमा, जनस्वास्थ्य सहायक वा पोषणविदले तपाईंलाई सम्पर्क गर्न सक्नेछन् ।

※ प्रशासनिक प्रक्रियाको कारण सूचनाहरू स्वास्थ्य परीक्षण गरेको दिनबाट लगभग ३ महिना पछि पठाइनेछ ।

यदि बाल हेरचाह वा तपाईंको बच्चाको वृद्धि र विकासको बारेमा कुनै चिन्ता भएमा वा सल्लाह गर्न चाहेमा बाल रोग विशेषज्ञ वा हेल्थ इन्सुरेन्स (होकेन) स्टेशनलमा सम्पर्क गर्नुहोस् ।

| होकेन स्टेशन | फोन | ठेगाना |
|---|---|---|
| चिइकी होकेन सेन्टर | ०४८-२५६-११२० | मिनामीचो १-९-२० |
| चिइकी होकेन सेन्टर हातोगाया | ०४८-२८४-२३२५ | मिचुवा १-१४-३ (हातोगाया च्योस्या तेस्रो तला) |
| च्युओउ होकेन स्टेशन | ०४८-२७१-९२८६ | नाका आओकी १-५-१ (सियाकुश्यो दाइनी च्योस्या तेस्रो तला) |
| आओकी होकेन स्टेशन | ०४८-२५६-९७११ | निशी आओकी १-५-१ (शिएइ आओकी ज्युताकु होकेनफुकुशी दोस्रो तला) |
| नम्पेइ होकेन स्टेशन | ०४८-२२५-२७२४ | सुएहिरो ३-७-२१ (नम्पेइ फुकुशी खाइकान भित्र) |
| सिनगो होकेन स्टेशन | ०४८-२८०-१७२५ | आकाई १०५५ (सान्तेपिआ भित्र) |
| खामिने होकेन स्टेशन | ०४८-२९७-८३०० | मिचिआई १४२१ (खामिने फुकुशी सेन्टर भित्र) |
| शीबा होकेन स्टेशन | ०४८-२६७-००३५ | ओआजा शीबा ६२४७ (काबागुचि सिटि हल शीबा ब्रान्च) |
| तोचुका होकेन स्टेशन | ०४८-२९८-०२७१ | तोचुका मिनामी ३-२२-१ (तोचुका स्पोर्ट सेन्टर भित्र) |